म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२७ आइतबार २३ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 7 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा अष्टादश १८ महापुराण हुँदै

हेटौंडा, २२ असार/मकवानपुरमै पहिलोपटक अष्टादश १८ महापुराण कार्यक्रम २०८१ हुने भएको छ । चतुर्मासको अवसरमा श्रावण २ हरिशयनी एकादशीदेखि मङ्सिर ३० गते धान्यपूर्णिमासम्म महापुराण गर्न लागिएको संकल्पकर्ता आचार्य मनिषशरण खनालले जानकारी दिए । प्रत्येक दिनको पञ्चाङ्ग बिहान ६ बजेदेखि ७ बजेसम्म हुनेछ । त्यसैगरी कथाप्रवचन बिहान ८ बजेदेखि १० बजेसम्म हुने जनाइएको छ । महापुराणको अवधिभर श्रीराधे टिभीस्टुडियो, अजर अमररोडमा रहेको क्यान्डिड फोटो स्टुडियो लगायत सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रशारण हुने आयोजकले जनाएको छ । साथै कार्यक्रममा उपस्थित भइ पुण्यआर्जन गर्दै कार्यक्रम सफल बनाउन कार्यक्रम व्यवस्थापक ओम फुँयाल, लवराज अधिकारी, पण्डित बालकृष्ण न्यौपानेले सम्पूर्ण भक्तजनमा अनुरोध गरेका छन् ।

● अविरल वर्षाको प्रभाव ●

# हेटौंडामा मात्रै १४१ घर डुबानमा, छोटो मार्गमा पहिरैपहिरो

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ बागमती प्रदेशको मुकाम हेटौंडाको बजारक्षेत्र डुबानमा परेको छ । शुक्रबार बेलुकादेखि शनिवार दिउँसोसम्मको अविरल वर्षाका कारण बजारक्षेत्र डुबान पर्नुका साथै हेटौंडा र काठमाडौं जोड्ने यातायात सञ्जाल अवरुद्ध बनेका छन् ।

हेटौंडा उपमहानगर पालिका-१ र ५ नम्बर वडाका बजारक्षेत्र डुबानमा परेका हुन् । राप्तीखोलासँग जोडिएको १ नम्बर वडाको चौकीटोल र बाक्लो बस्ती रहेको ५ नम्बर वडाको पिप्ले, शान्तिनगरक्षेत्र डुबानमा परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । ५ नम्बर वडामा पर्ने कान्तिलोकपथ पनि डुबानमा परेको छ ।



५ नम्बर वडाका पिप्ले र शान्तिनगरका ३० भन्दा बढी घरहरु डुबानमा परेको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । भण्डारीकै नेतृत्वमा शनिवार दिउँसो पिप्ले क्षेत्रमा सुरक्षाकर्मीको टोली उद्दारमा खटिएको थियो । प्रहरी र स्थानीयको सहयोगमा डुबानमा परेका घरबाट मानिसको उद्दार गरिएको थियो । यातायात सञ्चालनमा समस्या र बस्ती नै डुबानमा परेपछि वडाका जनप्रतिनिधि र सुरक्षार्कीको टोली उद्दारमा खटिएको हो ।

हेटौंडाको बजारक्षेत्रमा मात्रै वर्षाबाट प्रभावित घरधुरी संख्या १ सय ४१ रहेको प्रहरीले जानकारी दिएको छ । हेटौंडा-५ सिचाईं कुनाटोलमा २० घरधुरी, ५ नम्बर वडाकै लटिनाथ प्लटिङक्षेत्रमा १५ घर, ५ नम्बर वडाकै लक्ष्मी नारायण मन्दिर आसपास १७ घर, शान्तिनगरटोलमा १३ घर, सानोपोखरामा ३० घर, दक्षिणकाली टोलमा १५ घर, ढुंगेधारा टोलमा ३० घर र हेटौंडा-७ न्युरेनीमा १ घर गरी जम्मा १ सय ४१ घरधुरी प्रभावित भएको प्रहरीले जानकारी दिएको हो ।

हेटौंडा उपमहानगर पालिकाले व्यवस्थित ढलको निर्माण नगरेकाले ५ नम्बर वडाको पिप्लेक्षेत्र हरेक वर्ष डुबानमा पर्ने गरेको छ । ५ नम्बर वडाको कर्रा खोला क्षेत्रसँग जोडिएको वस्ती निरन्तर वर्षा भएपछि रातभत निदाउने गरेका छैनन् । कर्रा खोला उर्लिएर आउँदा ५ नम्बर वडाको क्याम्पाडाँडादेखि ४ नम्बर वडाको कर्राबस्तीसम्म खतरा हुने गर्दछ ।

हेटौंडाका कार्यवहाक नगरप्रमुख राजेश बानियाँले डुबानक्षेत्रको निरीक्षण गर्दै नगरप्रहरी समेत परिचालन गरेर उद्दार कार्य गरिएको बताए । नेपाल प्रहरी, नगर प्रहरी र स्थानीयको सहयोगमा डुवानमा परेका परिवारलाई उद्दार गरिएको बानियाँले बताए । हरेक वर्ष यो क्षेत्र डुवानमा पर्ने भएकाले दीर्घकालीन सोचका साथ उपमहानगरपालिका र प्रदेश सरकारको संयुक्त लगानीबाट डीपीआर बनाएरै समस्या समाधान गरिने बानियाँले जानकारी दिए ।

वर्षाका कारण मकवानपुरको कुखरेनी, कर्रा, राप्ती, मनहरी, लोथर, सामरी, भैंसे खोलामा पानीको बहाव बढेको छ । बाढीका कारण खेतीयोग्य जमिन कटानमा परेका छन् भने यकिन तथ्यांक नआएको प्रहरीले जनाएको छ । भैंसे खोलाले विगतका वर्षमा त्रिभुवन राजपथको सडकक्षेत्र कटान गरेको थियो । सामरी, राप्ती, कर्रा, मनहरी खोलाले हरेक वर्ष खेतीयोग्य जमिन कटान गर्ने गरेको छ ।

यसैगरी मकवानपुरगढी गाउँपालिका-२ कृषिडाँडास्थित सन्तवहादुर घलानको गोठ भासिएको छ । चारवटा गाई गोठभित्रै फसेको डिएसपी भण्डारीले जानकारी दिए । प्रहरी र स्थानीयबासीले २ वटा गाई सकुशल बाहिर निकालेका छन् भने २ वटा गोठ भित्रै बिरामी अवस्थामा रहेको उनले जनाए ।

अविरल वर्षाका कारण मकवानपुरको विभिन्न सडक सञ्जालहरु अवरुद्ध भएका छन् । प्रमुखत: हेटौंडा र काठमाडौं जोड्ने छोटोमार्ग (भैंसे-भीमफेदी-कुलेखानी-बल्खु) सडक खण्ड अवरुद्ध भएको डिएसपी भण्डारीले जानकारी दिए । भीमफेदी गाउँपालिका-४, चिउरी बगौंचामा पहिरो जाँदा सडक पूर्णरुपमा अवरोध भएको र साँझ ८ बजे एकतर्फी सञ्चालनमा ल्याइएको उनले बताए । सडक विभागसँग समन्वय गरेर अवरोध हटाउने प्रयास भएको उनले जनाए । हेटौंडाबाट काठमाडौं जोड्ने कान्तिलोकपथ, भीमफेदी–कुलेखानी सडक, सिस्नेरी दक्षिणकाली सडकहरु पहिरोका कारण अवरुद्ध भएका थिए ।

इन्द्रसरोबर गाउँपालिका-५ महालक्ष्मी खोला नजिक मातातीर्थ-चखेल र देउराली जाने सडकखण्डमा पहिरो गएर बाटो अवरोध भएकोमा पहिरो पन्छाइएको छ । भीमफेदी-८ महादेवटार, प्रतापडाँडा, बकैया गाउँपालिका-१२ आले, बकैया-११, सीमात घुम्तिस्थित कान्तिलोकपथ सडक खण्डमा बर्षाको कारण पहिरो आएर बाटो अवरुद्ध भएको पन्छाएर अवरोध हटाइएको डिएसपी भण्डारीले बताए । यतिबेला एकतर्फी रुपमा सडक संचालनमा ल्याइएको हो । राति थप पानी परेको खण्डमा सडक फेरि पनि अवरुद्ध हुनसक्ने बताइएको छ ।

# थाहाको गाउँगाउँमा राष्ट्रिय परिचयपत्र शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ मकवानपुर थाहा नगरपालिकाको १२ वडाका ८ सय ८३ जना सामाजिक सुरक्षाभत्ताका लाभग्राहीको राष्ट्रिय परिचयपत्रका लागि तथ्यांक संकलनसहित बायोमेट्रिक गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको प्राविधिक सहयोग तथा थाहा नगरपालिकाको व्यवस्थापनमा आयोजित विशेष शिविरमा प्रमुखत: ज्येष्ठ नागरिकले यो सुविधा लिएका छन् । विशेष शिविरमा सबैभन्दा बढी वडा नम्बर २ का १ सय ५५ जनाले सुविधा लिएका छन् भने सबैभन्दा कम वडा नम्बर ८ का ३५ जनाले सेवा लिएको अभिलेख छ ।

वडाहरुलाई पायक पर्ने स्थानमा राखिएको शिविरमा वडा नम्बर १ का ८७ जना, वडा नम्बर ३ का ७०, वडा नम्बर ४ का ७७, वडा नम्बर ५ का ४७, वडा नम्बर ६ का ६७ जनाले सुविधा लिएका छन् । त्यस्तै वडा नम्बर ७ का ४०, वडा नम्बर ९का ५४, वडा नम्बर १० का ४३, वडा नम्बर ११ का ९६ र वडा नम्बर १२ का १ सय १२ तथा विशेष अवस्थाका ८ जनाले सुविधा लिएका छन् ।

वडाध्यक्षहरुले शिविरका प्राविधिक टोलीलाई व्यवस्थापन गरेका थिए । कतिपय वडाले शिविरमा पुगेका सामाजिक सुरक्षाभत्ताका लाभग्राहीलाई खाजा तथा यातायात सेवाको समेत व्यवस्था गरेको एमआइएस सेवा इकाई थाहा नगरका एमआइएस अपरेटर रुपक कार्कीले जानकारी दिए ।

वडा सचिवहरुले समेत शिविरमा समन्वय र सहयोग गर्दै कार्यालयबाट प्रवाह हुने घटना दर्ताको काम समेत शिविरमै बसेर गरेका थिए ।

प्रत्येक दिन स्टेशन सार्नुपर्ने, 'इक्युपमेन्ट' ओसार्न पर्ने अवस्थामा समेत नगरपालिकाले निकै सहयोग गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट खटिएका टोलीको नेतृत्व गरेका आशिष पौडेलले बताए । शिविरमा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट पौडेलसहित ३ जना खटिइ थाहामा आएका थिए । आर्थिक वर्ष २०८१/८२ को लागि सामाजिक सुरक्षाभत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सरकारको निर्णय भएपछि यस किसिमको विशेष शिविर आयोजना गरिएको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले जनाएको छ ।

आगामि आर्थिक वर्षका लागि साउन १ गतेदेखि भादौ मसान्तसम्म लाभग्राहीले आफ्नो वडामा पुगेर सामाजिक सुरक्षाभत्ता लाभग्राही कार्ड नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ । त्यसोत: यस आर्थिक वर्ष २०८१/८२ बाट वडामा निवेदन दिई लाभग्राही आफैं उपस्थित भएर राष्ट्रिय परिचयपत्र नम्बर सहित औंठाछाप लिई 'बायोमेट्रिक' गर्ने नियम आएको छ ।

थाहा नगरको १२ वटा वडामा विभिन्न ७ किसिमका ४ हजार ४ सय ३६ सामाजिक सुरक्षाभत्ताका लाभग्राही छन् । यस अन्तर्गत ज्येष्ठ नागरिक २ हजार ६ सय ३१ जना, ज्येष्ठ नागरिक दलित १ सय ७, ज्येष्ठ नागरिक एकल महिला ४ सय ७६, विधुवा ८ सय १४, पूर्णअपाङ्ग ६६, आंशिक अपाङ्ग २ सय २२ र दलित बालबालिका १ सय २० जना रहेको एमआइएस सेवा इकाइ थाहा नगरपालिकाले जनाएको छ ।

# शिक्षक संगठन मकवानपुरको १८ औं जिल्ला परिषद्

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको १८ औं जिल्ला परिषद् शनिवार सम्पन्न भएको छ । परिषद्मा एक वर्षभित्र आफूले गरेको गतिविधिलाई समेटेर सचिव मुकुन्द न्यौपानेले साँगठनिक प्रतिवेदन पेश गरेका थिए भने कोषाध्यक्ष भावना सापकोटाले आर्थिक प्रतिवेदन पेश गरेका छन् ।

संगठन मकवानपुर अध्यक्ष श्रीराम दाहालको अध्यक्षता रहेको परिषद् राष्ट्रिय सदस्य लक्ष्मी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा शिक्षकसंगठन बागमती प्रदेश समितिका महासचिव पूर्णबहादुर पूरीको विशेष आतिथ्यता रहेको थियो भने कोषाध्यक्ष लक्ष्मी चौलागाई, प्रचार विभाग प्रमुख सुनिल गौतम, सदस्यहरु बालकुमार श्रेष्ठ र लक्ष्मी अधिकारी प्याकुरेलको आतिथ्यता रहेको थियो । त्यसैगरी, कार्यक्रममा बागमती प्रदेश पूर्वसचिवालय सदस्य एवम् शिक्षकहीत साकोस उपाध्यक्ष मोहन शर्मा, पेशागत महासंघ बागमती प्रदेश सदस्य मोहन न्यौपाने, संगठन मकवानपुर सल्लाहकार गोबिन्दप्रसाद चौलागाई, शिक्षक महासंघ मकवानपुर अध्यक्ष जीधराज ढकाल समेतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मकवानपुर जिल्ला शिक्षक आन्दोलनकै जननी जिल्ला भएकोले संगठन र नेतृत्वलाई गलत गर्न छुट नभएको जिल्ला अध्यक्ष दाहालले बताए । प्रमुख अतिथि गजुरेलले शिक्षक संगठनको बर्तमान गतिविधिका बारेमा भेलालाई प्रष्ट पारेकी थिइन् । विशेष अतिथि पुरीले शिक्षक महासंघले एकतर्फी घोषणा गरेको महासंघको केन्द्रीय कमिटी पूर्णरुपमा अवैधानिक रहेको जिकीर गरे ।

# तेक्वान्दो डोजाङलाई खेल सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ को कार्यालयले हेटौंडामा तेक्वान्दो डोजाङलाई खेल सामग्री सहयोग गरेको छ ।

मकवानपुर जिल्ला तेक्वान्दो संघको पहलमा हेटौंडा-२ स्थित सिद्धार्थ तेक्वान्दो डोजाङलाई वडा कार्यालयले खेल सामग्री सहयोग गरेको हो । सिद्धार्थ तेक्वान्दो डोजाङका प्रमुख युसुफ हुसेनलाई संघको उपस्थितिमा २ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जनले ६० हजार रुपैयाँ बराबरको तेक्वान्दो खेल सामग्री हस्तान्तरण गरेका हुन् ।

खेल सामग्री हस्तान्तरण कार्यक्रममा संघका जिल्ला अध्यक्ष लालकाजीरत्न बज्राचार्य, उपाध्यक्ष ओम कुमार लामा, कोषाध्यक्ष रबिन्द्र डंङगोल, तेक्वान्दो नगरअध्यक्ष सुरशा ढुंगाना र सदस्य गोपाल सुनार उपस्थित थिए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

ADMISSIONS OPEN

Ignite your curiosity and explore endless horizons with

GRADE 11 IN SCIENCE

For inquiry:
9855074222



ENHANCING SUCCESS:
Additional 24-month Medical And Engineering Preparation Classes Available In The Faculty Of Science For The Past 3 Years

CLASSES STARTING FROM श्रावण १०

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# बाढीपहिरोको बिपद्मा सचेत बनौं

यो पृथ्वीमा रहेका सबै प्राणीमध्य मानव सबैभन्दा चेतनशील प्राणी हो । तर, चेतनशील भएर पनि कहिलेकाँही मानव आफ्नै कारणले बिपद्मा पर्ने गरेको हुन्छ । बाढी, पहिरो, नदी कटान, खहरे कटानले असर गर्नसक्ने सम्भाबित स्थानमा घर बनाएर बस्ने काम त्यही चतनशील मानवले गरिरहेको हुन्छ । प्रकृतिलाई कम आंकलन गर्ने काम कदापी गर्नु हुँदैन । मनसुनीवर्षा, भिरालो र कमजोर भौगोलिक बनावटलगायत कारणले नेपालमा मनसुनको समयमा बाढीपहिरो, डुबान, कटान जस्ता पानीजन्य विपदबाट ठूलो जनधनको क्षति हुने गरेको छ ।पहाडका फेदी र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको वालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र खेतीयोग्य जमिन नष्ट भइरहेको छ । पहाडी क्षेत्रका बेसी, भित्रि मधेश तथा तराईक्षेत्रमा नदीकिनारा कटान तथा डुवानको समस्या दिनप्रतिदिन बढ्दैछ । नदीका जलप्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेको छ । बाढी, पहिरोले कयौ परंरिवार विस्थापित हुन पुगेका छन् ।

पछिल्लो २४ घण्टामा नेपालका बिभिन्न जिल्लामा ठूलो क्षति भएको छ । क्षतिको बिवरणहरु आउन बाँकी नै भएकोले यकिनका साथ भन्न सकिने अवस्था छैन । यस्ता समस्याबाट प्रभावित भूमिको उर्वराशक्ति क्षय हुनुका साथै आर्थिक उपयोगिता घट्न गएको छ । सामान्यतया नेपालमा असारदेखि असोजसम्मको झण्डैं सय दिन मनसुन सक्रिय हुन्छ । वर्षातको समयमा पहिरो, बाढी, कटान, डुवान, चट्याङ, सर्पदंश, झाडापखाला जस्ता पानीजन्य प्रकोपको कारण वर्षेनी ठूलो संख्यामा मानवीय क्षतिका साथ भौतिक क्षति हुने गरेको छ । खोला, खहरे, नदीनाला बहावक्षेत्रको अतिक्रमण गरेर बस्ने चतनशील मानव नै जोखिममा छन् । प्रकृतिलाई कम आंकलन गर्नु वा हेप्नु नै जोखिममा बस्नु हो । अव्यवस्थित ढल निकास, सहरीक्षेत्रमा बिनायोजनाका सडक निर्माण, उत्खनन र प्लटिङका कारण पनि बाढीको जोखिम बढेको छ । मनसुनजन्य विपदबाट हुने क्षतिको न्यूनीकरण र रोकथामका प्रयास नेपाल सरकारले विभिन्न निकायमार्फत गरिरहेको छ । मूलत: यसै कामका लागि तीनै तहका सरकार, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, विकास साझेदार एवम् निजीक्षेत्र र समुदायले एकजुट भएर काम गर्न जरुरी छ ।

बाढी, कटान, सडक अवरोध, झाडापखाला वर्षायाममा हुनसक्ने प्रमुख प्रकोप हुन् । राष्ट्रिय विपदजोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले 'मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७८' जारी गरेको छ । विपदजोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत भइ लागू गरिएको यो कार्ययोजनामा प्रकोपपूर्व अपनाउनुपर्ने सावधानी, खोज तथा उद्दार, प्रभावितका लागि राहत र विपदपश्चात गर्न सकिने मानवीय सहयोग र पुनर्निर्माण एवम् पुनर्स्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषय समेटिएका छन् । बाढी, पहिरो रोकथाम एवम् बाढी प्रभावित क्षेत्र व्यवस्थापनसम्बन्धी काममा केवल सरकारी प्रयास मात्र यथेष्ट हुँदैन । हाम्रो बानी खराव भइसकेको छ । खोलाको तटी क्षेत्रमा घर बनाएर बस्ने अनि बाढीमा परेपछि सरकारले गरेन भनेर कुर्लने परम्पराको विकास हुँदै गएको छ । समयमै सतर्कता अपनाउन नसक्दा जोखिमा परेको अवस्था छ । सुरक्षित बासस्थान छोडेर सुखसुबिधा खोज्दै हामी असुरक्षित क्षेत्रमा बस्न पुगेका छौं । एकोहोरो सरकारी निकायलाई दोष दिएर मात्र बिपद कम हुने होइन । नागरिकले आफ्नो चेतनाको प्रयोग पनि गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २४ गते सोमबार ८ जुलाई २०२४ । तृतीया, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक काममा रुचि बढ्नेछ | **तुला** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **वृष** | : यात्रामा कष्ट मिल्नेछ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : त्रासमय दिन हुनेछ | **धनु** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **कर्कट** | : खानपिन राम्रो हुनेछ | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : कामबाट फुर्सद मिल्नेछ |

# राजनीतिको आवरणमा मौलाएको अपराध



✍श्यामप्रसाद मैनाली

लोकतन्त्रमा प्रतिनिधिसभा जनताको घर हो । एक सम्मानित र अधिकारप्राप्त राज्यको महत्त्वपूर्ण अंग हो । समग्रमा संसद्मा राष्ट्र, राष्ट्रियता र देशप्रेमका भावनाले ओतप्रोत भएका जनप्रतिनिधिहरु रहने गर्दछन् । तर नेपालको संसद्मा एकपछि अर्को घोटालामा क्रमश: सांसदहरु समाविष्ट हुँदै जाँदा सबै सांसदहरु अपराधी नै हुन् भन्ने आम धारणा बन्दै गएको छ । प्रतिदिन सञ्चारमाध्यममा आएका समाचारहरू श्रवण गर्दा, हेर्दा कर्तव्यनिष्ठ र इमानदार सांसदको खडेरी परेको अवस्था छ ।

प्रत्येक राजनीतिक दलका शीर्षस्थदेखि सामान्य कार्यकर्तासम्म आफ्नो हैसियतअनुसार गलत कार्यमा समाविष्ट भई राष्ट्रको दोहन गरिराखेका छन् । यस अर्थमा मतदाता जनतालाई आफ्ना प्रतिनिधिहरुप्रति अनास्था र अविश्वास पैदा भइराखेको छ । यो अवस्थाले गर्दा प्रतिनिधिहरु मात्र होइन, थुप्रै नेपालीले आफ्नो उत्सर्ग गरेर ल्याएको लोकतन्त्र यसलाई सञ्चालन गर्ने पात्रहरूकै कारण बदनाम भइराखेको छ ।

जब निर्वाचन आउँछ, त्यस समयमा उपयुक्त दलका उपयुक्त पात्रहरू निर्वाचनको मैदानमा नपाउँदा मतदाताहरू आफ्नो अमूल्य मत सधैं दुरुपयोग गरिराखेका छन् । र, पछुताइराखेका छन् । यो अवस्था विशेष गरी २०४६ सालपश्चात् प्रारम्भ भई २०६३ सालपश्चात् सुदृढ हुँदै आएको छ । यसले गर्दा समग्र राजनीतिक प्रणालीमाथि नै प्रश्नचिह्न खडा भई नेपाली जनता बिस्तारै प्रतिगमन उन्मुख हुने हुन् कि भन्ने आशंका राजनीतिक बजारमा व्याप्त छ ।

यो अवस्था सिर्जना हुनुको पछाडिका कारणहरूको सन्दर्भमा प्रत्येक दलहरू मुछिएका प्रतिनिधि उदाहरणहरू प्रस्तुत गर्दै गिरीबन्धु टी स्टेटको अर्बौंको सम्पत्ति कसरी दुरुपयोग हुनबाट सम्मानित सर्वोच्च अदालतले बचाइदिएको छ ? यसबारेमा र सर्वोच्च अदालतले गरेका महत्वपूर्ण र सम्मानयोग्य केही निर्णयहरुसमेतको उल्लेख गर्ने इमानदार प्रयास यस छोटो आलेखमा गरिएको छ ।

**अपराधकर्ममा संलग्न राजनीतिक दलहरू :**

लामो समयदेखि देशमा लोकतन्त्र, प्रजातन्त्र प्राप्तिका लागि आफ्ना थुप्रै कार्यकर्ता बलिवेदीमा चढाउन पनि पछि नपरेको पुरानो राजनीतिक दलसमेत विभिन्न काण्डहरुमा संलग्न भएको देखिन्छ । समाजवादको नारा दिएर साम्यवादी आस्था र विचार बोकेर हिँड्ने राजनीतिक दलहरू पनि भ्रष्टाचारको दलदलमा नराम्ररी फसेका छन् । सानातिना क्षेत्रीय दलहरु यही मूल प्रवाहमा प्रवावित हुने अस्वस्थ प्रतिस्पर्धा गरिराखेका छन् ।

देशमा पुराना दलहरुलाई मूल प्रवाहबाट हटाउँदै, देशमा अग्रगामी परिवर्तन सम्भव छ भन्ने विश्वास दिलाउँदै, अल्पअवधिमा जनताको विश्वास जित्दै आफ्नो राष्ट्रिय हैसियत नेपाली राजनीतिमा बनाउन सफल भएको नयाँ दल पनि अल्पावधिमै अत्यन्त ठूलो आलोचनाको पात्र भइराखेको छ । यी सबै दलले गरेका अपराधकर्मका केही प्रतिनिधि उदाहरणहरू प्रस्तुत गर्नुपर्दा नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिरको जग्गा भूमाफियालाई सुम्पने, वाइडबडी खरिद प्रकरण, भृकुटीमण्डपको जग्गा कौडीको भाउमा लामो समयको लागि ठेक्कामा दिने, लाउडा प्रकरण हुँदै थुप्रै-थुप्रै घोटालाहरुमा नेपाली कांग्रेस पनि संलग्न भएको आरोप लागेको र केही काण्डहरुमा अदालतबाट दोषी प्रमाणितसमेत भइसकेको अवस्था छ ।

नेकपा एमाले यती काण्ड, ओम्नी काण्ड, गिरीबन्धु टी स्टेट काण्ड, वाइडबडी प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, समानान्तर अर्थ मन्त्रालय गठनजस्ता संगीन अपराधकर्ममा नराम्ररी संलग्न भएको समाचार छताछुल्ल भइराखेको स्थिति छ । नयाँ राजनीतिक दलका रुपमा उदय भएको राष्ट्रिय स्वतन्त्र पार्टी यसै दलका सभापतिका क्रियाकलापका कारण बदनाम भइराखेको छ । थुप्रै रकम सहकारीहरूबाट अपचलन गरिआएको आक्षेप लागेको छ । यसअघि गृह मन्त्रालयको नेतृत्वमा रहँदा राष्ट्रिय परिचयपत्र ठेक्कामा दिने विषयमा घोटाला भएको समाचार प्रकाशित भएको थियो ।

यसै गरी उक्त निर्णयलाई त्यसपछिका गृहमन्त्रीले बहाली गर्नासाथ तत्काल खारेज गरिदिएका थिए । यसका अलावा दोहोरो नागरिकता, दोहोरो राहदानी, आत्महत्या दुरुत्साहनजस्ता संगीन अपराधका बारेमा रविजी आरोपित छन् । यी कुनै पनि आरोपबाट विधिवत् सफाइ लिन सकेको अवस्था छैन । जनताले विश्वास गरेका र भविष्यमा राष्ट्र निर्माणका दिशामा यो दलले अपेक्षित उपलब्धि हासिल गर्दै लोकतन्त्रको सुदृढीकरणमा योगदान दिन सक्ने आशा नेपाली नागरिकले गरिराखेको अवस्थामा यस दलका सभापति नै पटक-पटक आरोपित हुनुबाट जनतालाई यो दल र सभापतिजीप्रति प्रश्न खडा गर्ने अवसर दिएको छ । यो अत्यन्त दु:खद पक्ष हो ।

**राष्ट्रको पक्षमा सर्वोच्च अदालत :**

राज्यका तीन अंगहरूमध्ये न्यायपालिका एक महत्वपूर्ण अंग हो । न्यायपालिकाको सुदृढीकरणबाट मात्र लोकतन्त्रको संस्थागत विकास सम्भव हुन्छ । नेपालका अदालतहरूले दिएका निर्णयहरू समय-समयमा विवादितसमेत भएका छन् । तर केही निर्णयहरु अत्यन्त सम्मानयोग्य, राष्ट्र, राष्ट्रियता र नेपाली जनताको पक्षमा देखिएका छन् । केही उदाहरणहरु प्रस्तुत गरौं, नेपालको झापा जिल्लामा अवस्थित गिरीबन्धु टी स्टेट घोटालाका सम्बन्धमा सर्वोच्च अदालतले दिएको निर्णय अहिले बजारमा चर्चाको विषय बनेको छ । यसको भूमिकातर्फ एकपटक विश्लेषण हुनु जरुरी छ ।

स्वर्गीय राजा महेन्द्रले २०२१ सालमा भूमिसुधार कार्यक्रम लागू गरे । यस कार्यक्रमले तराई, पहाड र हिमाल सबैतिर एक परिवारले राख्न पाउने अधिकतम जग्गाको हद तोकिदिएको थियो । त्यो हदभन्दा माथि रहेको जग्गा राज्यले मुआब्जा नदिईकन छिनेको थियो । त्यही क्रममा झापास्थित गिरीबन्धु टी स्टेटका लागि ५ सय बिघा सरकारले छुट्याइदिएको थियो । विशुद्ध चिया उद्योगका लागि छुट्याइएको यो जग्गा बिक्री वितरण, सट्टापट्टा केही गर्न नपाउने यदि गरेमा स्वत: सरकारको स्वामित्वमा सो जमिन आउने गरी व्यवस्था गरिएको थियो । तत्कालीन श्री ५ को सरकारको २०२९ पुस ११ गतेको निर्णयले यो सुविधा प्रदान गरेको थियो । उक्त सुविधामा के-कस्ता सर्तहरु रहने हो र उक्त ५ सय बिघा जमिनको सदुपयोग कसरी हुने हो ? सबै त्यस समयको मन्त्रिपरिषद्को निर्णयमा स्पष्टरुपमा उल्लेख भएको थियो ।

झापाको अत्यन्त महत्त्वपूर्ण व्यापारिक केन्द्रमा रहेको यति ठूलो मात्राको जग्गामा सबै भूमाफिया र भ्रष्टहरूको दृष्टि पुग्नु स्वाभाविकै हो । तिनै भूमाफियाहरूको चंगुलमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली मूल प्रवाहीकरण हुनुभएको देखिन्छ । किनकि उनैका पालामा वि.सं. २०७८-१-१३ मा मन्त्रिपरिषद्को निर्णयबाट उक्त जग्गाको रुपमा अन्यत्र ठाउँको जग्गा लिई व्यापारिक प्रयोजनमा सो मूल्यवान् जग्गा व्यक्तिलाई दिने निर्णय भएको पाइन्छ । यो निर्णय हुनुपूर्व ऐन संशोधनसमेत गरिएको थियो । ऐन संशोधन गरी सुनियोजित प्रकारले भूमाफियालाई उक्त जमिन सुम्पने कार्य भर्त्सनायोग्य छँदै छ । तर सो निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको छ । यो निर्णय बदर गरिँदा सर्वोच्च अदालतले केही आधारहरू स्पष्टरुपमा व्याख्या गरेको समाचार सम्प्रेषण भइराखेको छ । व्यापार प्रयोजनमा उक्त ५ सय बिघा जमिन व्यक्तिले लगाउन पाउने गरी राष्ट्रका विरुद्धको यो संगीन अपराध तत्कालीन मन्त्रिपरिषद्बाट भएको हो ।

यो जग्गाको बारेमा व्यापारीलाई सुम्पनुअगाडि केही महत्त्वपूर्ण पक्षहरूमा जिम्मेवार भएर केपी ओलीको नेतृत्वको मन्त्रिपरिषद्ले निर्णय लिँदा विचार पुऱ्याउनुपर्ने थियो । पहिलो हो, २०२९ सालमा यो प्रावधानसहित उद्योग प्रयोजनका लागि ५ सय बिघा जमिन हदबन्दीभन्दा बढीको राख्न दिने निर्णय लिँदा के-कस्ता आधारहरू र सर्तहरू तोकिएका रहेछन् ? त्यसैको आधारमा रहेर राष्ट्रलाई कुनै पनि प्रकारको हानि-नोक्सानी नपर्ने गरी निर्णय लिने काम जिम्मेवार ओलीजीको मन्त्रिपरिषद्ले गर्नुपर्दछ । दोस्रो हो, जग्गाको मूल्यांकनको पक्ष । यो मूल्यवान् ५ सय बिघा जमिनको सट्टाभर्ना कुन ठाउँको कति क्षेत्रफल भइरहेको कति मूल्यांकन बराबरको जग्गा उपलब्ध हुने हो ? यो जग्गा पूर्ववत् प्रयोजनमा के-कति उपयोग हुन सक्ने हो ? पूर्ववत् उद्देश्यमा कुनै परिवर्तन वा घाटा पर्ने अवस्था देखिन्छ वा देखिँदैन ? यदि फरक प्रयोजनमा दिइने हो भने त्यसबाट राष्ट्रलाई के-कस्ता फाइदाहरु हुन सक्छन् ? त्यसको स्पष्ट मूल्यांकन हुनु नितान्त जरुरी छ ।

२०२९ सालको निर्णयमा उक्त व्यापारिक प्रयोजनका लागि छुट्याउन नपाउने स्पष्ट गरिएको थियो । त्यस विपरीत हुने गरी भएका निर्णयहरु राष्ट्रका पक्षमा अधिक उपयोगी भएको प्रमाणित गर्न सक्ने तथ्यगत आधारहरु मन्त्रिपरिषद्ले जनतासमक्ष पारदर्शीरुपमा प्रस्तुत गरी आफ्नो जवाफदेहिताको निर्वाह गर्न सक्नुपर्दथ्यो । सो भए/गरेको अवस्था बिल्कुल देखिएन र हचुवाको भरमा भूमाफियाहरुलाई फाइदा दिलाउने हिसाबले यो निर्णय आएको स्पष्ट छ । अदालतले समेत यही कुरालाई मनन गरी निर्णय बदर गरि दिएको हो ।

हालका दिनमा ओलीजीले उक्त जग्गामध्ये केही जग्गा ५१ बिघा र १९ बिघा गरी दुई चरणमा नेपाली कांग्रेस नेतृत्वको सरकार ले कमिसन खाएर बिक्री गर्न दिएको अपराधको आक्षेप लोकतान्त्रिक दल नेकालाई लगाउनुभएको छ । यदि ओलीजीको कुरालाई सत्य मान्दा उनी पटक-पटक प्रधानमन्त्री हुँदा नेपाली कांग्रेसका अपराधकर्म गर्ने प्रधानमन्त्रीलगायत मन्त्रीहरुलाई र सम्बन्धित अन्य पदाधिकारीहरूमाथि कारबाही गर्नुपर्दथ्यो । यसै गरी बाँकी रहेको ४ सय ४० बिघा जमिन कसरी व्यक्तिको नाममा पुग्ने गरी निर्णय गरिएको हो ? यो निर्णय कुन मन्त्रिपरिषद्बाट कुन मितिमा भएको हो ? ओलीजी स्वयं यसमा संलग्न भएको अवस्था हो भने जनतासमक्ष उनको स्पष्टीकरण आउनुपर्दछ । अन्यथा यस्ता अपराधकर्ममा संलग्न भएकाहरूमाथि कारबाही गरी आफ्नो राजनीतिक उचाइ वृद्धि गर्ने सुअवसर ओलीजीले प्राप्त गर्नुभएको थियो । त्यसमा उहाँको आधिकारिक धारणाबाट आजका दिनसम्म सुसूचित हुन पाइएको छैन । यसबाट ओलीजी आफैं यस कुकर्ममा संलग्न रहेको स्पष्ट हुन्छ ।

त्यो समझदारी विपरीत विशेष गरी राजनीतिक अपराधीहरूमाथि कारबाही गर्न नियन्त्रण निकाय सधैं अलमलिएको र आँट गर्न नसकेको स्थिति छ । त्यसैले यस विषयमा पनि अपराधी राजनीतिकर्मीहरूमाथि कारबाही हुने सम्भावना अत्यन्त न्यून छ । आयोगले चाहँदा यो प्रकरणमा संलग्न भएका बिचौलिया, भूमाफिया, राजनीतिक कार्यकर्ताहरू, प्रस्ताव पेस गर्ने मन्त्री र निर्णय गर्ने मन्त्रिपरिषद्का सबै सदस्यलाई अनुसन्धानको दायरामा सहजै राख्न सक्छ । विशेष गरी पटक-पटक ऐन संशोधन गर्ने २९ सालको निर्णयको उद्देश्य विपरीत भूमाफियालाई फाइदा दिलाउने यी चरणहरूमा संलग्न रहेका सबै पात्र र पदाधिकारीहरूमाथि आवश्यकता अनुसार सीआईबी र अख्तियार दुरुपयोग अनुसन्धान आयोग दुवैले संयुक्तरुपमा वा आयोगलाई सीआईबीले सहयोग गरी अनुसन्धान कार्यमा सहजता प्रदान गर्न सक्छ । आयोगलाई अनुसन्धान गरी अपराधीहरूलाई कानुनको कठघरामा उभ्याउने सुअवसर प्राप्त भएको छ ।

सम्मानित सर्वोच्च अदालतले सबै प्रकारका मन्त्रिपरिषद्का निर्णयहरू नीतिगत निर्णय नहुने भएकाले मन्त्रिपरिषद्बाट भएका राजनीतिक निर्णयका आधारमा लिएका सबै काण्डहरू अपराधहरूका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न सक्ने व्याख्यासमेत गरिदिएको अवस्था छ । त्यसैले आयोगले चाहँदा यस्ता अपराधीहरुमाथि कारबाही हुन सक्छ । यस सन्दर्भमा आयोग कुन हदसम्म अब्बल प्रमाणित हुने हो ? प्रतीक्षाको विषय बनेको छ । तर आम नागरिकहरू राजनीतिक स्तरबाट भएको अपराधमा कारबाही हुने सन्दर्भमा कम आशावादी रहेका छन् । यो नै देशको सबैभन्दा ठूलो दुर्भाग्य हो ।

*(साभार: अनलाइनखबर)*

# 'आरोहीको भीडले सगरमाथामा देखिने असर पारिरहेको छ'



✍ आदित्य कार्की, सेनानी

बेसक्याम्प छिर्ने एउटा पोइन्ट छ । त्यो पोइन्टबाट क्राम्बन्च पोइन्टसम्म पुग्दा त्यो उचाइ सहितको हिसाबले गर्दा एक घण्टाको दूरी हुन्थ्यो भने अहिले ४० मिनेट जस्तोमा झरेको छ । पहिले तलैबाट हिउँमाथि हिंड्दै जानुपर्थ्यो । अहिले हिउँ छैन ।

नेपाली सेनाले पहिल्यैदेखि प्रकृति संरक्षणमा काम गरिरहेको थियो । सन् २०१६ देखि प्रकृतिसँगै जोडिएको वातावरण संरक्षणमा पनि काम गर्नुपर्छ भन्ने भयो । तत्कालीन प्रधानसेनापतिको कमाण्ड निर्देशनमा 'सफा हिमाल अभियान' भन्ने कार्यक्रम पनि समावेश भयो । औपचारिक रूपमा सेना त्यसबेलादेखि नै हिमालको सफाइ अभियानमा जोडिएको हो । यो अभियान कहाँबाट सुरु गर्ने भन्ने हुँदा सगरमाथाबाट थाल्दा सबैको नजरमा पर्छ भन्ने भयो । सामान्यत: जति सर्वोच्च शिखर सगरमाथाको चर्चा हुन्छ, अरू हिमालको हुँदैन ।

सेनाको स्रोत, साधनलाई अधिकतम प्रयोग गरेर यो अभियान चलाइएको थियो । यद्यपि, सेनाको नेतृत्व भए पनि स्थानीय तह, सगरमाथा प्रदूषण नियन्त्रण समिति र अरू सरोकारवाला निकायहरू पनि जोडिनुभयो । पहिलो अभियानले यो सफल हुने रहेछ र निरन्तरता दिनुपर्ने रहेछ भन्ने देखायो । त्यसपछि अहिलेसम्म सगरमाथा सरसफाइ अभियान जारी छ ।

नेपाली सेना सगरमाथामा जान थालेको सन् १९८८ देखि हो । कहिले पर्वतारोहणको सन्दर्भमा गएको छ भने कहिले सम्पर्क अधिकृतका रूपमा पनि पर्यटन विभाग मार्फत गएको इतिहास छ । म आफैंले सन् २०१३ मा सगरमाथा आरोहण गरेको थिएँ । इण्डियन आर्मीसँग त्यतिबेला संयुक्त आरोहण गर्दा पनि हामीले ४.६ टन फोहोर ल्याएका थियौं । केही शेर्पाको सहयोगमा हामीले त्यो काम गरेका थियौं । अर्थात्, औपचारिक रूपमा सन् २०१६ पछि सरसफाइ अभियान सुरु भए पनि पहिले पनि कहिलेकाही फोहोर संकलनको काम भइरहेको थियो ।

सन् २०१३ देखि सेनाले हिमालसँग सम्बन्धित जुनसुकै काम गर्दा म जोडिइरहेको छु । हिमाल आरोहणको जुनसुकै कार्यक्रम हुँदा सांकेतिक रूपमा फोहोर ल्याउने काम गरिरहेका थियौं । सन् २०१९ मा हिमाल भनेको कुनै पर्वतारोहण शाखाको, कुनै मन्त्रालय मात्रै होइन, समग्र नेपालको हो भन्ने भयो । नेपाली सेना हरेक जिल्लामा छ, राष्ट्रिय निकुञ्जहरूमा पनि पहिल्यैदेखि थियो । त्यसपछि राष्ट्रिय निकुञ्जभित्रै हिमालहरू भएकाले त्यसलाई बृहत् बनाउने हिसाबले अभियान सुरु भएको हो । वातावरण विभागले पनि पहिल्यैबाट सफा हिमाल भन्ने प्रोजेक्ट अघि बढाएको रहेछ ।

तर, बजेट विनियोजन भएर पनि अरू स्रोत नहुँदा यो रोकिएको रहेछ । पछि वातावरण विभागसँग पनि समन्वय गरेपछि ६ वटा हिमाल सरसफाइ गर्ने हिसाबले अघि बढेका थियौं । यसपछि नेपाल सरकारकै अभियानका रूपमा यो अघि बढ्यो ।

**सगरमाथामा देखिएका परिवर्तन**

मैले सन् २०१३ मा सगरमाथा आरोहण गरेपछि एकैपटक सन् २०१८ मा सगरमाथा आधारशिविर गएको थिएँ । पाँच वर्षभित्रमा त्यहाँ धेरै फरक भइसकेको थियो । सामान्यत: बेसक्याम्पको एउटा इन्ट्री पोइन्टको लेभल हुन्छ । त्यसको लेभल र माथिल्लोसम्मको 'क्राम्बन्च पोइन्ट' भन्ने हुन्छ । त्यहाँ जाँदा जुन एउटा 'इन्क्लाइन' थियो, त्यो घट्दै गयो ।

बेसक्याम्प भनेको ग्लसियरमाथि नै हो । त्यो मेल्ट हुँदै गएको हुनसक्छ । ती कुराहरू नोटिस भइरहेको थियो । सन् २०२१ मा जाँदा अझै घटेको महसुस गरें । बेसक्याम्पको पार्ट अलि तलसम्म थियो, त्यो अलि माथि सरि सकेको जस्तो महसुस गरें । तलको भाग बगाउँदै गइसकेर माथि माथि सर्दै गइसकेको अवस्था छ । अहिले सन् २०२४ मा आधारशिविरमा जाँदा २०२१ मा आधारशिविर वरिपरि हिउँको जुन तह थियो, त्यो छैन । त्यो दुई कारणले हुनसक्छ । एउटा अन्तिम जाडो याममा कति हिउँ पऱ्यो भन्ने कुराले पनि असर गर्ने भयो । अर्को चाहिं, सन् २०२१ को तुलनामा मानिसहरूको भीड बढ्दै गएकाले पनि हुनसक्छ । तल-तल हिउँ पग्लिदै जाने पनि भयो ।

कुनै सुख्खा ठाउँमा बसिरहेका छौं, दुबो भएकै ठाउँमा कुनै सामान राखिदिनुभयो भने पनि दुवो खुइँलिदै जान्छ । सामान्य इकोलोजीमा हुने त्यही हो । भनेपछि त्यहाँ पनि तपाईं दुई महिनासम्म ६० देखि ७० दिनसम्म कुनै पनि चिजहरू प्राकृतिक रूपले गएर केही राखिदियो भने त्यसले तापक्रमलाई बढाउँछ । त्यसले हिउँ पग्लने कुरालाई बढाउँदै जान्छ । त्यो क्रम वसन्तमा अलि बढी हुन्छ र शरद ऋतुमा अलि कम हुन्छ । फेरि वसन्त ऋतु आइरहन्छ । त्यो हुने वित्तिकै तहहरू घट्दै जान्छन् ।

अहिले सिजन सकियो, आरोहण बन्द भयो । अहिले हिउँ परिरहेको छ । त्यसले एउटा सेप बनाइरहेको हुन्छ, पछि भएर बेसक्याम्प राख्दा टेन्ट टाँग्न त्यसलाई काट्नुपऱ्यो । समथर बनाउनुपऱ्यो । कहिले मेडिकल बनाउनुपर्ला, हेलिप्याड बनाउनुपऱ्यो । त्यसलाई फेरि काट्दै जानुपऱ्यो । त्यो फ्यांकिदै गयो । कुनै ठाउँमा राखेर सिद्धिएर जस्ताको तस्तै त रहँदैन । त्यसैले हुनसक्छ आधारशिविरको तह पनि घट्दै गएको छ ।

यसको ठ्याक्कै डाटा त मसँग छैन । म त्यो बारे अध्ययन गर्ने मान्छे पनि होइन । तर, सगरमाथामा काम गरेको अनुभवको आधारमा भनेको हुँ । त्यो महसुस पनि गर्न सकिन्छ । म सन् २०१३ मा र २०२४ मा जाँदा जति समय लाग्थ्यो, त्यो नै कम हुन थालिसक्यो । उकालो चढ्नुपर्ने जस्तो अप्ठ्यारो बाटो हुन्थ्यो भने अहिले मोटामोटी समथर जस्तो हुन थाल्यो ।

गोरकसेपबाट कटेपछि बेसक्याम्प छिर्ने एउटा पोइन्ट छ । त्यो पोइन्टबाट क्राम्बन्च पोइन्टसम्म पुग्दा त्यो उचाइ सहितको हिसाबले गर्दा एक घण्टाको दूरी हुन्थ्यो भने अहिले ४० मिनेट जस्तोमा झरेको छ । पहिले तलैबाट हिउँमाथि हिंड्दै जानुपर्थ्यो । अहिले हिउँ छैन ।

मोराइनहरू (कालो देखिने समथर भाग) मात्र बाँकी भयो । ढुंगाहरू मात्र देखिन्छ । पहिलो कुरा त हिउँ नपरेर पनि हो । तर, यो मात्र कारण होइन । हामीले आधारशिविर स्थापना गर्दा जति कुराहरू ग्राउण्ड मिलाउनलाई गर्छौं, त्यो छाड्दा जस्ताको तस्तै नगर्ने, त्यतिकै छाड्ने भएकाले पनि असर गर्छ । सगरमाथा आरोहणमा रोयल्टीको कुरा मात्रै आउँदैन । सयौं मान्छेहरू विश्व सम्पदा हेर्न भनेर पनि आउँछन् । उनीहरूले गर्ने खर्च रोयल्टी बाहेक पनि १० देखि १५ गुणा बढी अरूसँग जोडिएको छ । यो भरिया, गाइड, होटल लगायतको जीविकोपार्जनसँग जोडिएको हुन्छ । अहिले सरकारले रोयल्टी एउटा सिजनमा एक अर्ब पनि निकाल्दैन । तर, बिजनेस त २० अर्बभन्दा बढी आइरहेको छ ।

सगरमाथामा फोहोर र मानिसहरूको चहलपहलका कारण भएका असरहरू देखिने तहमा छन् । अहिले सरसफाइमा आधारशिविरमा त्यति धेरै समस्या होइन । त्यहाँभन्दा माथि नै समस्या छ । आधारशिविरमा सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी) ले पनि राम्रो काम गरिरहेको छ । यद्यपि, अहिले सगरमाथा एड्भेन्चर मात्र नभएर लक्जरी पनि बन्दै जाँदा वातावरणीय हिसाबले थप चुनौती पनि बढ्दा छन् ।

*(साभार: अनलाइनखबर)*

# घनघोर वर्षाले देशभरि बाढी, पहिरो र डुबान



काठमाडौं/मनसुन सक्रिय हुँदा देशभर भएको घनघोर वर्षाले विपत्ति निम्त्याएको छ । बाढी, पहिरो र डुबानले मानवीय र भौतिक पूर्वाधारमा पनि क्षति पुगेको छ ।

राजधानी काठमाडौंको नागार्जुन-३ स्थित ट्रपिकल रेष्टुरेण्टको भान्साघर पहिरोले पुरिँदा गोरखाको लखन थापा गाउँपालिका-६ घर भई सोही रेष्टुरेण्टमा काम गर्ने मनोज विकको मृत्यु भएको छ ।

स्याङ्जाको बिरूवा गाउँपालिका-६ मा पहिरुो जाँदा ६५ वर्षीया गुईश्वरी शर्मा मरासिनी र ६७ वर्षीया हरिमाया शर्माको मृत्यु भएको छ । ७१ वर्षका माधव शर्मा बेपत्ता छन् । तनहुँ, दाङ, नवलपरासी पश्चिम सहितका जिल्लामा केही मानिसहरू बेपत्ता भएका छन् । कयौं ठाउँमा घर, सडक र पुलपुलेसामा क्षति पुगेको छ ।

बागमती र हनुमन्तेमा आएको बाढीले काठमाडौं र भक्तपुरका बस्ती डुबानमा परेका छन् । ललितपुरको च्यासलस्थित नेकपा एमालेको केन्द्रीय कार्यालय नै डुबानमा परेको छ । युएन पार्क क्षेत्रमा सडक डुबानमा परेको छ भने बल्खुस्थित तरकारी बजार पनि डुबेको छ ।

### काठमाडौंमा आइतबारदेखि सुधार, कर्णाली र सुदूर पश्चिममा सक्रिय

कर्णाली र सुदूर पश्चिमका जिल्लाहरुमा आइतबार अझै बढी वर्षा हुने पूर्वानुमान रहेपनि अन्य स्थानमा भने आइतबार देखि नै तुलनात्मक सुधार आउने मौसमविदले पूर्वानुमान गरेका छन् ।

'कर्णाली र सुदूरपश्चिम तिर आज रातिदेखि अझै वर्षा बढ्ने सम्भावना छ', वरिष्ठ मौसमविद शान्ति कँडेलले भनिन्, 'काठमाडौंको हकमा आजभन्दा भोलि केही सुधार हुने सम्भावना छ ।' काठमाडौंमा भोलि पानी परे पनि आज जस्तो ठूलो पानी नपर्ने उनले बताइन् ।

कोशी र मधेश प्रदेशमा पनि मौसममा सुधार आउने सम्भावना छ । एक/दुई ठाउँमा भने भारी वर्षाको सम्भावना छ ।

गण्डकी, लुम्बिनी, कर्णालीको तल्लो भूभाग र सुदूर पश्चिममा भने आइतबारसम्मै मनसुन सक्रिय हुने पूर्वानुमान छ । 'आज बागमती, गण्डकी र लुम्बिनीमा वर्षा गराउने प्रणाली केन्द्रित छ भने आइतबार लुम्बिनीको पश्चिमी भूभाग, कर्णालीको तल्लो भूभाग र सुदूरपश्चिममा केन्द्रित हुनेछ', वरिष्ठ मौसमविद कँडेलले भनिन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा देशभर वर्षा भएको छ । विशेष गरेर बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धैरै स्थानहरुमा र बाँकी प्रदेशका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी वर्षा भएको छ ।

त्यस्तै गण्डकी प्रदेशको स्याङ्जा, कास्की, पर्वत आसपासमा तथा लुम्बिनी प्रदेशको पाल्पा, दाङ, अर्घाखाँची लगायतका स्थानहरूमा अति भारी वर्षा भएको छ ।

### पाल्पामा अति भारी वर्षा

पछिल्लो २४ घण्टामा सबैभन्दा बढी वर्षा पाल्पाको कुमालगाउँ स्टेसनमा मापन भएको छ । त्यहाँको वर्षा मापन केन्द्रमा ४०८.२ मिलिमिटर वर्षा रेकर्ड भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । शुक्रबार राति ११ बजेदेखि शनिबार दिउँसो १:३० बजेको अवधिमा मात्रै ३७८.६ मिलिमिटर वर्षा भएको देखिन्छ ।

२४ घण्टाको अवधिमा २०० मिलिमिटरभन्दा बढी वर्षा भएमा अति भारी वर्षा भएको मानिन्छ । अहिले पनि देशका अधिकांश स्थानहरूमा वर्षा भइरहेको र अझै वर्षा हुने सम्भावना रहेकाले आइतबारसम्मै विशेष सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

### यो वर्षा सामान्य हो कि असामान्य ?

मौसमविद सुदर्शन हुमागाईले मनसुन न्यून चापीय रेखा नेपालको भूभाग नजिक रहेकाले त्यसको प्रभावमा अति भारीदेखि मध्यम खालको वर्षा भएको बताए । यद्यपि यो वर्षा अपेक्षित नै रहेको उनको भनाइ छ ।

'विगतका वर्षमा पनि अति भारीदेखि भारी वर्षा भएको छ । हामीले त्यो क्षण बिर्सिएर मात्रै हो', मौसमविद हुमागाईंले भने, 'हरेक वर्ष नै एक-दुई दिनमै पाँच सय/६ सय मिलिमिटर वर्षा भएको हुन्छ । मनसुन सक्रिय भएको बेला यस्तो वर्षा हुनु सामान्य हो ।'

वरिष्ठ मौसमविद शान्ति कँडेलले मनसुनको यही दिनमा अति भारी वर्षा मापन भएका स्टेसन विगतको भन्दा धेरै छन् कि थरुोरै छन् भनेर अध्ययन गर्न भने बाँकी भएको बताइन् ।

### सरदरभन्दा बढी वर्षाको आँकलन

जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको प्रक्षेपणमा पनि यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने उल्लेख थियो ।

जुलाईदेखि सेप्टेम्बर सम्मको ३ महिनाको जम्मा वर्षा औसत (३ महिनाको) भन्दा बढी हुने सम्भावना ५० देखि ७० प्रतिशतसम्म रहेको विश्व मौसम संगठनमा आवद्ध भएका १२ वटा जलवायु प्रारुपले गरेको आँकलनबाट देखिन्छ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश तथा बागमती प्रदेशको उत्तरी भूभागमा औसतभन्दा बढी वर्षा हुने सम्भावना ६०देखि ७० प्रतिशतसम्म छ । अन्य बाँकी भूभागमा भने औसतभन्दा बढी वर्षा हुने सम्भावना ५०देखि ६० प्रतिशतसम्म छ।

'साधारणतया, औसत भन्दा बढी वर्षा हुँदा भारी वर्षा हुने दिनहरु पनि बढी हुने हुन्छ । जसले गर्दा डुबान, बाढी तथा पहिरो लगायतका घटना पनि धेरै हुने गर्छ', वरिष्ठ मौसमविद एवम् हावापानी विश्लेषक डा. इन्दिरा कँडेलले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ'को 'यानीमाया' गीतमा दयाहाङको निराशा



काठमाडौं/यही असार २८ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'घरज्वाइँ'को दोस्रो गीत सार्वजनिक गरिएको छ । शनिबार युट्युबमार्फत् सार्वजनिक 'यानीमाया' गीतमा हर्क साउदको शब्द र मनोज थापा मगरको संगीत तथा स्वर रहेको छ । फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर चित्रित यो गीतमा घरज्वाइँ बस्ने पात्रको मनोभाव र उसले गरेको संघर्षलाई दर्शाइएको छ ।

निर्देशक अनिल बुढा मगरले यही गीतको रिदममा रहेर फिल्ममा काम गरेको बताएका छन् । उनी भन्छन्, 'हामीले पूरै फिल्म यही गीतको रिदम (संगीत प्रवाह)मा रहेर काम गरेका छौं । दृश्यभाषा नै यसैको रिदममा छ । र, क्यारेक्टरहरु पनि गीतको रिदमजस्तै बोल्दा ओठ खिलखिलाएर बोल्छन् । हिँड्दा विस्तारै हिँड्छन् ।' यो फिल्म मगर समुदायमा प्रचलित घरज्वाइँ प्रथामा आधारित छ ।

फिल्ममा दयाहाङ र मिरुना सहित शिशिर वाङ्देल, कविता आले, भोलाराज सापकोटा, पुष्कर गुरुङ, बुद्धि तामाङ, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले खनाल, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर, सुरेश पुन लगायतको पनि अभिनय छ । एक हप्ताअघि सार्वजनिक गरिएको ट्रेलरपछि फिल्मप्रति दर्शकको चासो र उत्साह बढेको देखिन्छ ।

जिएम मुभिज् र एबीएम सिनेमा प्रोडक्सनको संयुक्त ब्यानरमा निर्माण भएको फिल्मका निर्माता जनक घर्ती मगर हुन् । पूर्वी रुकुम आसपासमा छायांकन गरिएको फिल्मको कथा पनि निर्देशक अनिल आफैंले लेखेका हुन् । उनलाई पटकथा तथा संवाद लेखनमा भने विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन् । फिल्ममा सुसन प्रजापतिको छायांकन र कृष्ण भण्डारीको सम्पादन छ ।

# 'माइली'मा देखिँदै करिश्मा




काठमाडौं/कुनै सफल नेपाली फिल्ममा निर्विकल्पझैं थिइन्, अभिनेत्री करिश्मा मानन्धर । उनको नामले नै फिल्म चल्ने युग थियो । तर, उमेर ढल्किएसँगै फिल्मबाट आउने प्रस्ताव फेरियो । विशेषगरी आमाको भूमिकामा प्रस्ताव आउन थालेपछि उनले लामो समय फिल्म नै गरिनन् । गत वर्ष आएको फिल्म 'बगान'बाट उनले पाँच वर्षपछि कमब्याक गरेकी थिइन् । यसमा उनको आमाकै भूमिका थियो ।

अब भने करिश्मा निरन्तर फिल्म गर्ने योजनामा देखिएकी छन् । र, यस वर्ष फिल्म 'माइली'मा काम गर्ने भएकी छन् । उनीसँग यसै साता निर्माण टिमले कागजी सम्झौता गरेको हो । उनको भूमिकाको बारेमा भने जानकारी गराइएको छैन । करिश्माभन्दा अगाडि यो फिल्ममा अभिनेत्री प्रियंका कार्की अनुबन्धित भैसकेकी छन् । पहिलोपटक उनीहरुलाई एकसाथ हेर्न दर्शकलाई रोचक हुनेछ ।

रुना इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको 'माइली'लाई बाबु साहेब बलामीले निर्देशन गर्नेछन् । यही असार अन्तिमबाट छायांकन सुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा छायांकन गरिने निर्देशक बलामीले बताए । यसमा निर्देशक बलामीको 'कन्सेप्ट', शंकर अधिकारी 'घायल'को गीत, पटकथा तथा संवाद र राजेन्द्र बजगाईंको संगीत रहेको छ ।

निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए । फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाई छ । 'दलित महिलाको श्रीमान् नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ ? उसलाई स-साना छोरीहरु हुर्काउन कति कठिन हुन्छ ? नेपाली समाजले जातीयताको आडमा कसरी प्रताडित गरिरहेको छ भन्ने विषयवस्तुमा फिल्म बन्नेछ', बलामीले भने ।

# ठूला टोलीलाई स्तब्ध पार्ने नेपालको लक्ष्य



काठमाडौं/एसिया कपको अनुभवले टी-२० विश्वकप खेल्दा छुट्टै आत्मविश्वास आएको अनुभव साट्दै राष्ट्रिय टिमका कप्तान रोहितकुमार पौडेलले महिला टोलीलाई शुभकामना दिए, 'यो अवसरलाई इन्जोय गर्नुस् । अनि, एक ओभरले पनि खेल परिवर्तन हुन्छ, त्यो विश्वास राखिराख्नुस् ।'

रोहितले जस्तै पूर्वकप्तान समेत रहेका नेपाल क्रिकेट संघ (क्यान) सचिव पारस खड्का र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले पनि अवसरका रुपमा लिएर उत्कृष्ट नतिजा निकाल्न आग्रह गरे ।

महिला टी-२० एसिया कपमा ठूला टिमलाई स्तब्ध पार्ने लक्ष्यका साथ नेपाली टोली आइतबार श्रीलंका जाँदैछ ।

गत फागुनमा एसीसी प्रिमियर कपको सेमिफाइनलमा मलेसियासँग अप्रत्यासित ४ विकेटको हार व्यहोरेपछि नेपालले एसिया कप खेल्ने अवसर गुमाएको थियो । तर एसियन क्रिकेट काउन्सिल (एसीसी)ले सेमिफाइनलबाट बाहिरिएका नेपाल र थाइल्यान्डलाई एसिया कपमा समेट्ने निर्णय लियो ।

नेपाल रहेको समूहमा भारत, पाकिस्तान र यूएई छन् । नेपाल भन्दा तीनै टोली माथिल्लो स्तरका हुन् । भारत र पाकिस्तान विरुद्ध राम्रो प्रदर्शन गर्नु नेपालका लागि अवसर र चुनौती दुबै हुनेछ ।

पछिल्लो डेढ महिना अभ्यास गरेको नेपाली टोलीको लक्ष्य राम्रो क्रिकेट खेल्ने र ठूला टोलीलाई स्तब्ध पार्नु हुनेछ । त्यसको लागि अलराउण्डर सीता रानामगर, रुबिना क्षेत्री बेलबासे र इन्दु बर्मामाथिको निर्भरता युवा खेलाडीले तोड्न सक्नुपर्छ ।

'अहिले टोलीमा युवा खेलाडी धेरै हुनुहुन्छ । आफ्नो क्षमता देखाउन र ठूला टोलीविरुद्ध खेल्न यो भन्दा राम्रो केही पनि छैन' कप्तान बर्माले संचारकर्मीसँग भनिन्, 'हाम्रो मुख्य लक्ष्य ठूला टोलीलाई अपसेट गर्नु हो ।'

उनका अनुसार कम्तीमा यूएई र पाकिस्तानलाई हराएर सेमिफाइनलमा पुग्ने टोलीको सपना छ । 'टी-२० क्रिकेट भने १२० बल हो । एउटा खेलाडीले मात्र राम्रो खेल्यो भने जित्न सकिन्छ', कप्तान बर्मा भन्छिन्, 'यो एसिया कपबाट एउटा राम्रो क्रिकेट खेलेर फर्किनेवाला छौं ।'

प्रशिक्षक मनोज कटवाल पनि टोलीमा रहेका युवा खेलाडीमा खेल जिताउन सक्ने क्षमता रहेको बताउँछन् । तीव्र गतिका बलिङ अलराउण्डर पूजा र कविताले राम्रो प्रदर्शन गर्दै आएका छन् । सम्झना खड्का र रोमा थापा मध्यक्रमका भरपर्दा ब्याटर हुन् ।

नेपालले २००७ मा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दाकी सदस्य सीता राना मगर करिअरको अन्तिमतिर एसिया कप जस्तो ठूलो प्रतियोगिता खेल्दैछिन् । उनी २०१६ मा थाइल्यान्डमा भएको एसिया कपमा भन्दा राम्रो खेल्न चाहन्छिन् ।

भन्छिन्, 'मेरा लागि हरेक प्रतियोगिता महत्वपूर्ण छन्, झारा टार्नलाई खेलेको पनि होइन ।'

नेपाल पाकिस्तानसँग ४७ रनमा अल आउट हुँदै ९ विकेट, श्रीलंकासँग २३ रनमा अल आउट हुँदै ८ विकेट र बंगलादेशविरुद्ध १३४ रनको लक्ष्य पछ्याउने क्रममा ४१ रनमा अल आउट हुँदै ९२ रनले हारेको थियो । थाइल्यान्डसँग ६३ रनमा अल आउट हुँदै ८ विकेटले हारेको थियो ।

भारतसँग १२१ रनको लक्ष्य पछ्याउने क्रममा नेपाल २१ रनमा अल आउट भएको थियो ।

अनुभवी अलराउण्डर तथा पूर्वकप्तान रुबिना क्षेत्री ब्याटिङमा नेपालको खम्बा हुन् । गत फागुनमा उनले माल्दिभ्सविरुद्ध ११८ रनको शतकीय इनिङ खेलेकी थिइन् । उनी शतक हान्ने अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो नेपाली खेलाडी समेत हुन् ।

'यस पटक हामी भाग्यले खेल्न पाएका छौं । यो हाम्रो लागि चुनौती र अवसर दुबै हुनसक्छ', एसिया कपमा राम्रो गर्न सके महिला क्रिकेटको सिनारियो परिवर्तन हुनसक्ने भन्दै उनले भनिन्, 'पुरुष टोलीले विश्वकप खेलेर जसरी परिवर्तनहरु ल्याए, महिलाहरुबाट पनि त्यो ल्याउने हो कि भन्ने सोच छ ।'

अघिल्लो साता सम्पन्न आईसीसी टी-२० विश्वकपमा नेपालले बंगलादेश र दक्षिण अफ्रिकालाई कडा चुनौती दिएको थियो । नेपालको उक्त प्रदर्शनले महिला टोलीको मनोबल झनै उच्च छ ।

'टी-२० भनेको देश र नामले हुने रहेनछ । त्यो दिनमा राम्रो खेल्नुहुन्छ भने जुनसुकै टोलीलाई हराउन सकिन्छ', रुबिना आत्मविश्वासी देखिइन्, 'एसिया कपमा हामीले राम्रो क्रिकेट खेल्यौं र आफ्नो मिहिनेतमा विश्वास गर्‍यौं भने नतिजा जे पनि आउनसक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# गण्डकीमा पहिरोले ७ जनाको मृत्यु, २ बेपत्ता

पोखरा/स्याङ्जाको विरुवा गाउँपालिका-६ स्याङ्दीका माधव शर्मा, उनकी पत्नी गुन्जेश्वरी शर्मा मरासिनी र हरिमाया शर्माले घर पुरिए पनि बाँचियो भनेर चित्त बुझाएका थिए । शनिबार बिहानै राम्चे भयरसिंह सामुदायिक वन हुँदै खसेको पहिरोले माधव-गुन्जेश्वरीको घर पुरै पुरेको थियो । हेर्दाहेर्दै सँगै रहेको हरिमायाको पुरै घर पुरियो भने माधव-गुन्जेश्वरीको घरमा पनि क्षति पुग्यो तर उनीहरु भने जोगिन सफल भएका थिए ।

ज्याग्दीखोला तटीय क्षेत्रका यी घरलाई सामुदायिक वन हुँदै नसोचेको ठाउँबाट पहिरो खसेर पुरेपछि उनीहरु सुरक्षित स्थानमा सरेका थिए । विरुवा-६ कै लामाखेत भन्ने ठाउँमा रहेको ईश्वरी लम्सालको घरमा उनीहरुले खाना खाँदै थिए ।

'घर त पहिरोले पुर्‍यो, मान्छे बाँचियो भन्ने उहाँहरूलाई थियो । सुरक्षित स्थान भनेरै लामाखेतको ईश्वरी लम्सालको घरमा उहाँहरुलाई सारिएको थियो । जहाँ एउटा पसल र अर्को घर थियो । सुरक्षित स्थान भनेर सरको त्यहीं घरमा पहिरो खस्यो र खाना खाँदाखाँदै तिनै जना पुरिनुभयो', विरुवा गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ६ का अध्यक्ष कृष्णबहादुर क्षेत्रीले घटना सुनाए, 'यस्तो दुर्भाग्य रहेछ कि आफ्नो घरमा पहिरोबाट जोगिएर जहाँ सुरक्षित भनेर सारिएको थियो, त्यहीं फेरि पर्नुभयो ।'

सो घरका ५ जना भने कोही भागेर बाँच्न सफल भए भने कोही घरबाहिर रहेकाले जोगिएका प्रवक्ता क्षेत्रीले सुनाए । सुरक्षित ठाउँमा आइपुगियो भनेर बसेको घरमै खाँदाखाँदै पहिरोले पुरेर बेपत्ता भएको र पछि निकाल्दा मृत्यु भइसकेको उनले बताए । 'आजको घटनाले पुरै गाउँलाई नै विक्षिप्त बनाएको छ, बाँचियो भनेर गएका उनीहरु फेरि त्यहीं पहिरो खसेर मारिए', प्रवक्ता क्षेत्रीले भने, 'कहाँनेर सुरक्षित छ र कहाँनेर जोखिम छ, यसै भन्न नसकिने रहेछ ।'

### बस्तुभाउ जोगाउन खोज्दा २ जनाको मृत्यु

लगातार परेको अविरल वर्षाले घरमाथिबाट सानो पहिरो खसेपछि पर्वत फलेवास नगरपालिका वडा नम्बर १ का झलकप्रसाद शर्मा फेरि ठूलो पहिरो खस्न सक्ने देखेर बस्तुभाउ सुरक्षित स्थानमा सार्न खोज्दै थिए ।

उनलाई भेट्न पुगेका स्याङ्जा आँधीखेलाका तुलसीप्रसाद शर्माले पनि सघाउन लागे । त्यहीबेला फेरि घरमाथिबाट पहिरो खस्यो र घरगोठसहित उनीहरूलाई पनि पुरेको प्रहरी कार्यालय पर्वतका डीएसपी खुमलाल भुसालले जानकारी दिए ।

झलकप्रसादको शव पहिरो हुँदै बाढीले बगाएर स्याङ्जा आँधीखोला किनार सेपत भन्ने ठाउँमा फेला परेको छ भने तुलसीप्रसादको शव पहिरो पन्छाएर निकालिएको डीएसपी भुसालले जानकारी दिए । 'घरको बस्तुभाउ जोगाउछु भन्दा स्याङ्जाबाट भेट्न पुगेका साथीसहितले ज्यान गुमाए', डीएसपी भुसालले भने ।

### शुक्लागण्डकीमा उद्धार गर्दागर्दै ३ जना परे

शुक्लागण्डकी नगरपालिका वडा नम्बर ७ काउरे भन्ने ठाउँमा पहिरोमा पुरिएर १ जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता भएका छन् । पहिरोमा पुरिएकी काउरेकी ४० वर्षीय हिरा नेपालीको शव फेला पारिएको इलाका प्रहरी कार्यालय बेलचौतारका प्रहरी निरीक्षक गणेश सुवेदीले जानकारी दिए । पहिरोमा पुरिएर ३६ वर्षीया अनिशा बास्तोला र ६५ वर्षीय श्याम भण्डारी बेपत्ता भएका छन् । अँध्यारो भइसकेका कारण अब आइतबारमात्र खोजी कार्य हुने प्रहरीले जनाएको छ ।

काउरेमा बिहानै सोना नेपाली घर पहिरोमा परेको थियो । पहिरोमा परेकालाई उद्धार र सहयोग गर्न भन्दै छिमेकी अनिशा र श्याम पुगेका थिए । पहिरोको जोखिममा रहेको हिरा नेपाली घरबाट सरसामान निकाल्दै गर्दा फेरि पहिरो खसेर उनीहरु पुरिएका हुन् ।

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारस्थित निर्माणाधीन तनहुँ हाइड्रोपावरको सुरुङ मार्गभन्दा बाहिर काम गरिरहेको अवस्थामा अविरल वर्षाका कारण ढुङ्गा खस्न लाग्दा एक जनाको ज्यान गएको छ । मालिङ्गा बस्ने ५० वर्षीय कृष्णबहादुर पुलामीको मृत्यु भएको हो । लमजुङ सुन्दरबजार नगरपालिका-का ५१ को समलाल श्रेष्ठ घाइते भएका छन् ।

अविरल वर्षापछिको बाढी, पहिरोले पोखरासँग जोडिएका प्रमुख राजमार्गको आवतजावत नै प्रभावित तथा अवरुद्ध हुन पुगे । स्याङ्जामा मात्र बाढी पहिरोका १३ वटा घटना भएको प्रहरीले जनाएको छ । वर्षाका कारण सेती नदीको सतह बढ्दा पोखरा रामघाटमा ताल नै बन्न पुग्यो । सेती नदीको वहाब बढ्दा पोखरा-३३ पशुपति घाटका दुई दर्जनभन्दा धेरै घरहरु जोखिममा परेको प्रहरीले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ऐन अभावले आदिवासी फिल्म ओझेलमा : भुवन केसी



काठमाडौं/चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले नेपालमा निर्माण भएका आदिवासी फिल्मले विश्वमा नेपाललाई चिनाउने काम गरेको बताएका छन् । आदिवासी जनजातिले आफ्नो भाषासंस्कृतिलाई मध्यनजर गर्दै फिल्म निर्माण गरेपनि नेपालमा ऐन अभावका कारण ओझेलमा पर्ने गरेको पनि उनको भनाइ छ ।

चलचित्र विकास बोर्ड अन्तर्गतको 'आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समिति' ले बिहीबार इटहरीमा गरेको 'बृहत् विचार गोष्ठी कार्यक्रम-२०८१' मा बोल्दै केसीले आदिवासी जनजातिका विषयमा फिल्म निर्माण गर्नेहरु बढ्दै गएकोमा खुसी व्यक्त गरे । उनले नेपाली कला संस्कृति नेपालको गौरव भएको भन्दै यसलाई विश्वमाझ पुर्‍याउने सबैभन्दा सजिलो माध्यम नै फिल्म भएको उल्लेख गरे ।

आदिवासी जनजाति चलचित्रकर्मी महासंघ, कोशी प्रदेशको सहआयोजना रहेको कार्यक्रममा आदिवासी जनजाति समुदायका विभिन्न झाँकी समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा बोल्दै चलचित्रकर्मी महासंघ कोशी प्रदेशका अध्यक्ष अरुणकुमार प्रधानले चलचित्र विकास बोर्ड अब काठमाडौंमा मात्रै सीमित नभएको बताए । चलचित्र विकास बोर्डले पछिल्लो समय देशव्यापी कार्यक्रम आयोजना गरिरहेको उनको भनाइ थियो ।

अभिनेत्री मिरुना मगरले फिल्म क्षेत्र आफ्ना लागि विद्यालय जस्तै भएको बताइन् । उनले आफूले धेरै समुदायको पात्र बनेर अभिनय गर्न पाएकोमा खुसी व्यक्त गरिन् ।

कार्यक्रममा फिल्म क्षेत्रमा योगदान पुर्‍याएवापत अभिनेत्री मिरुना मगर, गीतकार मीना सिंगक, फिल्म निर्माता तथा निर्देशक लाखबहादुर तामाङ, कलाकार डा. सञ्जय खतिवडा, कलाकार तथा निर्माता नवीन पराजुली, लिम्बू फिल्म 'हाङनाङ्ग' का निर्देशक तथा अनाम रंगमञ्चका अध्यक्ष विजय सन्योक सुब्बा, भुजेल चलचित्रकर्मी संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष राजकुमार भुजेल, संस्कार संस्कृति अध्ययन मञ्चका कार्यवाहक अध्यक्ष डिकबहादुर भुजेल, कलाकार सुरज भुजेल लगायतलाई सम्मान समेत गरिएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा कुपोषणका कारण एक वर्षमा ४ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ असार/ कुपोषणका कारण मकवानपुरको कैलाश गाउँपालिकामा चालु आर्थिक वर्षमा चार बालबालिकाको मृत्यु भएको छ । पाँच वर्षमुनिका २ बालिका र २ बालकको मृत्यु भएको हो ।

गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख कृष्ण यादवले गत साउनदेखि माघसम्म वडा ३, ४ र ७ का कुपोषणले ग्रस्त चार बालबालिकाको मृत्यु भएको बताए । जिल्लाको कैलाश र राक्सिराङ गाउँपालिकामा बालबालिका, सुत्केरी तथा गर्भवतीमा कुपोषणको दर उच्च देखिएको छ । राक्सिराङमा भने यस वर्ष कुपोषणका कारण ज्यान गएको घटना नभएको पालिकाका स्वास्थ्य शाखाप्रमुख विजय कापरीले बताए ।

अशिक्षा र गरिबीको चपेटामा रहेको चेपाङ समुदायमा कुपोषणको समस्या घट्न नसकेपछि त्यसको पहिचान र उपचारका लागि कैलाश गाउँपालिकाले चालु आवदेखि कुपोषण निराकरण अभियान चलाउँदै आएको छ । पालिकाले कडा शीघ्र कुपोषण भएकालाई बहिरंग स्वास्थ्य उपचार केन्द्र नै स्थापना गरी तथा मध्यम शीघ्रकालाई नियमितरुपमा



पौष्टिक आहार उपलब्ध गराउँदै आएको छ ।

पालिकाले 'कुपोषणरहित गाउँपालिका, हाम्रो अभियान' सहित हरेक टोलमा पुगेर कुपोषितको 'खोज र उपचार गर' अभियान चलाएको हो । अभियानअन्तर्गत गाउँपालिकामा चालु आवमा ३४ महिला र ४८ बालबालिकामा कुपोषण पाइएको थियो । जसमध्ये २६ जना कडा शीघ्र कुपोषित र ५६ जना मध्यम शीघ्र कुपोषित रहेका भेटिए । गाउँपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्यचौकीका कर्मचारी र स्वास्थ्यस्वयंसेविका १० वटै वडामा परिचालन गरी एक साताको अभियान चलाएर कुपोषित गर्भवती र सुत्केरी महिला र बालबालिकाको खोजी गरिएको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख यादवले बताए ।

अशिक्षा, गरिबी र बालविवाहका कारण गाउँपालिकामा कुपोषण बढिरहेको कैलाश गाउँपालिका अध्यक्ष लोक मुक्तानको भनाइ छ । कुपोषितको उपचारका साथै उनीहरुलाई आयआर्जनमुखी काममा जोड्न तरकारीको बीउ वितरण, उन्नत जातको बाख्रा वितरण पनि गरिएको अध्यक्ष मुक्तानले बताए । कैलाशसँगै जोडिएको चेपाङ बाहुल्य क्षेत्र राक्सिराङ गाउँपालिकामा पनि कुपोषित बालबालिका उल्लेख्य छन् । यहाँ ५ वर्षमुनिका ९८ बालबालिका कुपोषणले ग्रस्त छन् । पालिकाले उनीहरुका निम्ति पोषणको व्यवस्था गरेको छ ।

गतवर्ष बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको अध्ययनअनुसार मकवानपुरमा ११ महिना उमेर सम्मका १ सय ४७ र १ वर्षदेखि २३ महिना उमेरका ७६ बालबालिका कुपोषणले ग्रसित रहेको पाइएको थियो । बागमती प्रदेशका १३ जिल्ला मध्ये ११ महिनासम्मका बालबालिकामा सबैभन्दा धेरै कुपोषित ललितपुरका छन् । बागमती प्रदेशमा २३ महिनासम्मका १ लाख ५४ हजार ७ सय ५९ बालबालिका रहेकामा २ हजार ५ सय ९५ जना कुपोषणले ग्रसित छन् । कुपोषणग्रस्त बालबालिका मध्ये गम्भीर खालका कुपोषितको संख्या ९ सय ५५ रहेको निर्देशनालयले जनाएको छ ।

बालबालिकालाई कुपोषण बाट मुक्त गर्नका लागि सरकारले स्थानीय तहबाटै बालभिटा वितरण गरिरहेको भए पनि अधिकांश अभिभावकले बालभिटा नखुवाउने गरेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल बताउँछन् । मकवानपुरको स्थानीय तहमा लक्ष्य र तथ्यांक अनुसार बालभिटा खाने बालबालिकाको संख्या ज्यादै न्यून छ । स्थानीय तहले बालभिटा खपत नभएपछि म्याद नाघेर नष्ट गर्नुपरेको स्वास्थ्यकर्मी बताउँछन् ।

'आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।'

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः २००३/०२/३०

स्वर्गारोहणः २०८१/०३/११

स्व. उषा किरण प्रधान

पशुपतिनगर हेल्थ क्लबका अध्यक्ष तथा यस क्लबका सहयोगी आदरणीय दाई प्रचण्ड प्रधान, दाई सौरिन्द्र प्रधान, भाईहरु प्रजन्य प्रधान, शशांक शेखर प्रधान र शशी शेखर प्रधानको ममतामयी आमा **उषा किरण प्रधान**को असामयिक दुःखद् निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवार एवम् आफन्तजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजकुमार श्रेष्ठ (अध्यक्ष) एवम्

पशुपति यूवा क्लब
PASHUPATI YUWA CLUB
हेटौंडा-९, परिवार

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**बाढीको बितण्डा सुरुः** यो वर्षको मनसुन सक्रिय भएपछि मकवानपुर र आसपासका क्षेत्रमा पहिलोपटक भारीवर्षा भएको छ । शुक्रबार साँझदेखि शनिबार अपरान्हसम्म परेको पानीले हेटौंडा नगरका एकसय ४१ घर डुवानमा परेका छन् । हेटौंडा-काठमाडौं जोड्ने बैकल्पिक मार्गहरु सबै अवरुद्ध बनेका छन् । बाढीपहिरो, डुवान, कटानबाट सतर्क रहन स्थानीय प्रशासनले नागरिकलाई सचेत गराएको छ । शनिबार कान्तिलोकपथ सडक खण्डअन्तगत पिप्लेको अवस्था । *तस्बिरः साझाकुरा*

# कांग्रेसको निर्णय : धारा ७६ (२) अनुसार ओलीको नेतृत्वमा सरकार

काठमाडौं, २२ असार/ नेपाली कांग्रेस संसदीय दलले एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाउने सहमति कार्यान्वयन गर्ने दृढता व्यक्त गरेको छ ।

कार्यसम्पादन समितिले नेकपा एमालेसँग भएको सातबुँदे सहमति अनुमोदन गरिसकेकाले संसदीय दलको निर्णय औपचारिकता मात्र थियो । तर कांग्रेसले नयाँ सरकार संविधानको धारा ७६(२) अनुसार बनाउने आफ्नो अडान स्पष्ट पार्दै माओवादी र एमाले मात्र होइन, राष्ट्रपति कार्यालय शीतल निवासलाई पनि सन्देश दिएको छ ।

प्रधानमन्त्री प्रचण्डले २८ गते संसदमा विश्वासको मत लिँदा विपक्षमा मतदान गर्ने निर्णय गरेको कांग्रेसले त्यसको कारणबारे निर्णयमा लेखेको छ, 'नेपाली कांग्रेस र नेकपा एमालेबीच नेपालको संविधानको धारा ७६ (२) बमोजिम माननीय केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेको हुँदा '।' कांग्रेसका एक पदाधिकारीका अनुसार संसदीय दलको निर्णयमा सोचीविचारी संविधानको धारा ७६(२) अनुसार ओलीको नेतृत्वमा नयाँ सरकार गठन गर्ने उल्लेख गरिएको हो ।

संसदका दुई ठूला दल कांग्रेस (८८ सिट) र एमाले (७९ सिट) बीच १७ असारको मध्यरातमा नयाँ सरकार बनाउने सहमति भएको थियो । २७५ सदस्यीय प्रतिनिधिसभामा



बहुमतका लागि १३८ चाहिन्छ । १६७ सांसद भएका दुई ठूला दलले नयाँ सरकार बनाउने निर्णय गरेसँगै प्रधानमन्त्री प्रचण्ड स्वतः अल्पमतमा परेका छन् ।

तर उनले राजीनामा दिएनन्, विश्वासको मत लिने भन्दै राजीनामा बुझाउन आएका रास्वपाका मन्त्रीहरुलाई रोके । जबकी आफूले विश्वासको मत पाउने छैन भन्नेमा प्रचण्ड स्वयं प्रष्ट छन् । किनकी अशोक राई नेतृत्वको जसपाले समेत मन्त्री फिर्ता बोलाएर समर्थन फिर्ता लिइसकेपछि प्रचण्डसँग जम्मा ६३ (माओवादी ३२, रास्वपा २१ र एकीकृत समाजवादी १०) मत मात्र छ ।

तैपनि २८ असारमा विश्वासको मत लिने निर्णय गरे । साथै माओवादी नेताहरुले संविधानको धारा ७६(३) अनुसार सरकार बनाउन लबिङ गर्दै आएका छन् । संविधानको धारा ७६ (२) मा प्रतिनिधिसभामा कुनै दलको प्रष्ट बहुमत नरहेको अवस्थामा दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने उल्लेख छ ।

धारा ७६ (३) मा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउन नसके वा दुई वा दुई भन्दा बढी दलको समर्थनमा बनेका प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत नपाएमा राष्ट्रपतिले प्रतिनिधिसभाको सबभन्दा ठूलो दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । मंसिर २०७९ को चुनावमा कुनै पनि दलको प्रष्ट बहुमत नआएपछि एमाले, रास्वपासहितका दलको समर्थनमा माओवादी दलका नेता प्रचण्ड प्रधामन्त्री बनेका थिए । डेढ वर्षको अवधिमा उनले तीन पटक विश्वासको मत लिइसके ।

२८ असारमा प्रचण्डले चौथो पटक विश्वासको मत माग्दा नपाए राष्ट्रपतिले धारा ७६ (२) अनुसार नै दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठनको आह्वान गर्नुपर्ने कांग्रेस र एमालेको ठम्याइ छ । तर माओवादी नेताहरुले भने कांग्रेसले चाह्यो भने धारा ७६(३) अनुसार संसदको सबभन्दा ठूलो दलको नेताको हैसियतमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्न सक्ने तर्क गरेका छन् । त्यही बेला शुक्रबार कांग्रेस नेता शेखर कोइरालाले सार्वजनिक रुपमै नयाँ सरकार गठन प्रक्रिया ७६(३) मा जान सक्ने अभिव्यक्ति दिएपछि राजनीतिक वृत्तमा संशय देखिएको छ ।

कांग्रेसका एक पदाधिकारीका अनुसार पार्टी नेतृत्व एमालेसँग भएको सहमति अनुसार ओलीको नेतृत्वमा सरकार बनाउन दृढ छ । कांग्रेस प्रमुख सचेतक रमेश लेखक र एमाले महासचिव शंकर पोखरेलबीच निरन्तर सम्वाद भइरहेको छ । आइतबार देखि मन्त्रालय भागवण्डा लगायतका विषयमा छलफल गर्ने तयारी छ ।

तर माओवादी नेताहरुको लबिङ, कांग्रेसका नेताहरुको सार्वजनिक अभिव्यक्तिले राष्ट्रपतिले ७६(३) अनुसार देउवालाई प्रधानमन्त्री नियुक्त गर्ने त होइन भन्ने आशंका एमाले पङ्तिमा देखिन थालेको छ । त्यसलाई चिर्नकै लागि कांग्रेसले संसदीय दलको निर्णयमा नयाँ सरकार संविधानको धारा ७६(२) अनुसार बनाउने लेखेको छ । 'यसले माओवादीलाई हामी तिमीहरुले खेल्न खोलेको खेलको पक्षमा छैनौं है भनेर प्रष्ट जवाफ दिन्छ, एमाले सशंकित हुनु पर्दैन' कांग्रेसका एक पदाधिकारी भन्छन्, 'संसदीय दलको निर्णयले राष्ट्रपतिलाई पनि कांग्रेसको पोजिसन थाहा हुन्छ ।'

*(स्रोतः अनलाइनखबर)*

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरूः**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४८३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना